नेपाली खाद्य प्रयोगशालालाई अन्तर्राष्ट्रिय मान्यता

विराटनगर/नेपालको राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशाला (एनएफएफआरएल) ले थप वर्गमा पाएको पछिल्लो अन्तर्राष्ट्रिय मान्यतालाई अधिकारीहरूले महत्वपूर्ण कोसेढुङ्गाको सङ्ज्ञा दिएका छन्। अधिकारीहरूका अनुसार अन्तर्राष्ट्रिय मान्यता प्राप्त भारतको नेशनल एक्रिडिटेशन बोर्ड फर टेस्टिङ एन्ड क्यालिब्रेशन ल्याबोरटरिज (एनएबीएल) ले नेपाली प्रयोगशालालाई दुईवर्षे मान्यता दिएको हो। सन् २०२५ मा एनएफएफआरएलले ८१४ परीक्षण प्यारामिटरमा अन्तर्राष्ट्रिय मान्यता पाएको हो, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका प्रवक्ता मोहनकृष्ण महर्जनले भने। सन् २०२५ को मार्च ३१ देखि सन् २०२७ को मार्च ३१ सम्म यो लागु रहन्छ, उनले अगाडि थपे। योसँगै नेपालबाट हुँदै आएका धेरैजसो उत्पादनहरूको निर्यातमा थप सहजता हुने अधिकारीहरूको विश्वास छ।

राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशाला खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागअन्तर्गत पर्छ। विभागका अनुसार राष्ट्रिय खाद्य तथा तथा दाना रिफरेन्स प्रयोगशाला नेपालकै सबैभन्दा धेरै 'एक्रिडिटेशन प्राप्त' प्रयोगशाला हो।

यसका फाइदा के ?

अधिकारीहरूका अनुसार नेपालले आफ्ना धेरै उत्पादन दक्षिणी छिमेकी देश भारतमा निर्यात गर्ने गरेको छ। भारतकै दुई निकायबाट एक्रिडिटेशन प्राप्त हुनु महत्त्वपूर्ण भएको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका अधिकारीहरूको निष्कर्ष छ। खाद्यवस्तु तथा कृषिजन्य पदार्थबाहिर देशबाहिर निर्यात गर्नुपर्दा नेपालमा परीक्षण गरेपछि अन्तर्राष्ट्रिय मान्यता हुन्छ। त्यो भएर बाहिर पठाउनलाई सहजीकरण हुने भयो, प्रवक्ता महर्जनले भने। धेरै व्यापार भारतसँग हुने गरेको पृष्ठभूमिमा एनएबीएल र भारतकै भारतीय खाद्य सुरक्षा एवं मानक प्राधिकरण एफएसएसएआईबाट मान्यता पाएकोले झन् सहज हुने छ। महर्जनका अनुसार एफएसएसएआईबाट मात्रै ६८० वटा परीक्षण प्यारामिटरमा मान्यता पाइएको छ।

धेरै परीक्षणका लागि नेपाल बाहिर पठाउनु पर्थ्यो। त्यसले गर्दा खर्च पनि र समय पनि धेरै लाग्थ्यो। अब निर्यातकर्ताहरूलाई कम समय पनि र कम खर्च पनि लाग्ने भयो, महर्जनले थपे।

मान्यताको नालीबेली

राष्ट्रिय खाद्य प्रयोगशालाले सन् २०१२ मा २७ वटा 'केमिकल प्यारामिटर' मा एक्रिडिटेशन पाएकोमा सन् २०१५ मा ३९ वटा र सन् २०१९ मा केमिकल तथा माइक्रोबायोलोजिकल गरी १०२ वटा परीक्षण प्यारामिटरका लागि एनएबीएलबाट एक्रिडिटेशन प्राप्त गरेको विवरण छ। त्यसपछि एनएफएफआरएलले सन् २०२३ मा २४५ वटा केमिकल र ४१ वटा माइक्रोबायोलोजिकल गरी २८६ वटा परीक्षण प्यारामिटरका लागि एक्रिडिटेशन प्राप्त गऱ्यो।

सोही अवधिमा उसले ३५० वटा परीक्षण प्यारामिटरका लागि भारतको फूड सेफ्टी एन्ड स्ट्यान्डर्ड अथोरिटी एफएसएसएआईबाट प्रमाणपत्र प्राप्त गऱ्यो। एनएफएफआरएलबाट परीक्षण भई प्रदान गरिने परीक्षण प्रमाणपत्र र खाद्य स्वच्छता तथा गुणस्तर निर्यात प्रमाणपत्रलाई भारतमा आयात प्रयोजनका लागि मान्यता दिने एफएसएसएआईले भारतमा आदेश जारी गरेको छ।

सो क्रममा उसले पहिलो चरणमा विभिन्न आठ प्रकारका खाद्य पदार्थहरू जुस, जाम, जेली, अचार, क्यान्डी, तयारी चाउचाउ, अदुवा तथा ताजा तरकारी एवं फलफूलका लागि प्रदान गरिने परीक्षण प्रतिवेदनलाई मान्यता गरेको छ।

विभागले हालै ५३८ वटा केमिकल र १४२ वटा माइक्रोबायोलोजिकल गरी ६८० वटा प्यारामिटरका लागि एफएसएसएआई र एनएबीएलबाट एकीकृत प्रयोगशाला मूल्याङ्कन भई दुवै एकीकृत मान्यता प्रमाणपत्र प्राप्त गरेको छ। पछिल्लो मान्यताले निर्यातमा सहजीकरण हुने अपेक्षा अधिकारीहरूको छ।

बाइस खाद्य समूह

दूधबाट बनेका दही, पाउडर दूध, पनिर, घिउ, तेल, तरकारी र फलफूल अनि त्यसबाट बनेका विभिन्न खानेकुरा, मसला, बेकरी उत्पादन, चाउचाउ लगायतका लागि राष्ट्रिय खाद्य प्रयोगशालाले पछिल्लो एक्रिडिटेशन पाएको हो। नेपालले मान्यता पाएको विभिन्न २२ वटा खाद्य समूहभित्र यहा उत्पादन गर्ने अधिकांश पर्न आउछन्, उनले भने। प्रवक्ता महर्जनका अनुसार जति बढी प्यारामिटरका लागि मान्यता पाइन्छ उति धेरै खालका परीक्षण गर्न पाइन्छ। खाद्य वस्तुको जति धेरै पक्ष हेर्ने हो उति धेरै प्यारामिटर चाहिने भयो। अहिलेसम्मकै धेरै प्यारामिटरमा मान्यता पाएका हौं।

विभागले निर्यातकर्ताहरूलाई पूर्ण सुविधाको फाइदा लिन व्यापारीहरूलाई अनुरोधसमेत गरेको छ। विभागका अनुसार कुन प्यारामिटर र कुन वस्तुको परीक्षण गर्ने भन्ने कुरामा नतिजा आउन निर्भर गर्छ। केमिकल परीक्षण भए एक-दुई दिनमा हुन्छ भने माइक्रोबायोलोजिकलको हकमा सामान्यतया एक हप्ता लाग्छ, महर्जनले थपे। बीबीसी

अब शेअर कारोबारमा राष्ट्रिय परिचयपत्र अनिवार्य

विराटनगर/नेपाल स्टक एक्सचेन्ज (नेप्से)ले स्टक ब्रोकरहरूलाई पठाएको पछिल्लो परिपत्रले शेअर कारोबार खाता सञ्चालनमा पनि राष्ट्रिय परिचयपत्रलाई आवश्यक बनाएको जानकारहरूले बताएका छन्। यसअघि बैंक खाता खोल्दा अनिवार्य बनाइएको राष्ट्रिय परिचयपत्र अब शेअर लगानीकर्ता तथा कारोबारीहरूलाई पनि आवश्यक हुने भएको हो। व्यक्तिहरूको डिजिटल पहिचान स्थापना गर्ने र त्योसाग वित्तीय कारोबारहरूमात्र नभई सामाजिक सुरक्षाका कार्यक्रमहरू जोड्ने उद्देश्यले राष्ट्रिय परिचयपत्र लागू गरिएको छ।

के भनेको छ नेप्सेले ?

धितोपत्रसम्बन्धी नियामक निकाय धितोपत्र बोर्डले जारी गरेको निर्देशनअनुसार आफूहरूले स्टक ब्रोकरहरूलाई सूचित गरेको नेप्सेले बताएको छ। हामीले हाम्रा ब्रोकर सदस्यहरूलाई अबदेखि कारोबार खाता खोल्दाखेरि राष्ट्रिय परिचयपत्र राख्ने व्यवस्था गर्नु भनेर परिपत्र गरेका हौं, नेप्सेका प्रवक्ता तथा कम्पनी सचिव मुराहरि पराजुलीले बताएका छन्। शेअर कारोबार गर्न लगानीकर्ताहरूले ब्रोकरकहा गएर खाता खोल्नु पर्छ। अहिलेसम्म त्यस्तो टिएमएस खाताको संख्या ४२ लाख नाघिसकेको उनले बताए। साउन १ गतेदेखि त्यस्तो खाता खोल्नेहरूका निम्ति यो व्यवस्था अनिवार्य गर्न लागेका हौं, पराजुलीले भने। भोलिका दिनमा पुराना खातावालाहरूले पनि तिनको केवाईसी अद्यावधिक गर्दा यो व्यवस्था अनिवार्य हुन सक्छ तर अहिलेलाई नयाँको हकमा मात्र भनिएको छ। अहिलेलाई राष्ट्रिय परिचयपत्रको भौतिक प्रति नभए नम्बर मात्र भए पुग्ने भनिएको छ। सुरक्षित वित्तीय कारोबार सुनिश्चित गर्न, सम्पत्ति शुद्धीकरण नियन्त्रणसम्बन्धी अन्तर राष्ट्रिय नियमहरूको पालना गर्न तथा एकीकृत डिजिटल पहिचान व्यवस्थित गर्न यो नियम ल्याइएको अधिकारीहरूले बताएका छन्। पराजुलीका अनुसार भारतमा प्यान नम्बरलाई आवश्यक भनिएको छ भने अन्य देशहरूमा पनि यस्तै व्यवस्था लागू गरिएका छन्। नेपालमा नागरिकताको नम्बरमा एकरूपता नभएकाले व्यक्तिको विशिष्ट पहिचान नम्बरका रूपमा राष्ट्रिय परिचय पत्रको नम्बर प्रयोग गर्न लागिएको उनले बताए। पछिल्लो व्यवस्थालाई स्टक ब्रोकरहरूले सकारात्मक कदम माने पनि त्यसका निम्ति चाहिने पूर्वतयारी नभएको उनले बताएका छन्।

उदाहरणका लागि आजको दिनमा नेप्सेले दिएको टीएमएसमा राष्ट्रिय परिचयपत्र नम्बर प्रविष्टि गर्ने ठाउँ पनि छैन। जबकि हामीलाई साउन १५ गतेको परिपत्रमा यो लागू गर भनेर भनिएको छ। त्यसैले यसको गृहकार्य चाहिं नपुगेको जस्तो लाग्छ,नेपाल स्टक ब्रोकर एसोसिएसनका महासचिव भक्तिराम घिमिरेले बताए। अहिले नयाँ खाता खोल्न वा अद्यावधिक गर्न राष्ट्रिय परिचयपत्रको नम्बरमात्र भए पुग्ने भएकाले लगानीकर्ता वा ब्रोकरहरूका निम्ति यो अव्यवहारिक चाहिं नभएको घिमिरेले बताए। जोसँग राष्ट्रिय परिचयपत्र छैन उसले जिल्ला प्रशासन कार्यालयमा गएर केही घण्टामै नम्बर प्राप्त गर्न सक्ने हुनाले यसको प्रयोग गरिहाल्न कठिन त छैन, उनले भने।

डिम्याट खातामा पनि आवश्यक पर्छ ?

अहिलेको अवस्थामा शेअर लगानीकर्ताहरूले तीन किसिमको खाता खोलेको हुनुपर्ने अवस्था छ। पहिलो बैंक खाता जसको निम्ति पनि राष्ट्रिय परिचयपत्र अनिवार्य गरिसकिएको छ। अर्को डिम्याट वा अभौतिकीकरण खाता जसमा लगानीकर्ताका शेअरहरूको सूचीगत विवरण हुन्छ अनि टीएमएस वा शेअर किनबेच गर्न ब्रोकरकहा गएर खोलिने खाता। डिम्याटको हकमा पनि राष्ट्रिय परिचयपत्र लागू गर्न परिपत्र आइसकेको त्यसको सञ्चालन जिम्मा पाएको केन्द्रीय निक्षेप सेवा सीडीएससीले जनाएको छ। धितोपत्र बोर्डबाट निर्देशन आइसकेपछि डिम्याट खाता खोल्दा पनि राष्ट्रिय परिचयपत्र (नम्बर) राख्ने व्यवस्था गर्न हामीले हाम्रो प्रणालीमा तयारी गरिसकेका छौं। डिम्याट खातामा राष्ट्रिय परिचयपत्र प्रविष्टि गर्न मिल्ने गरी व्यवस्था गरेका छौं, सीडीएस एन्ड क्लेरिङ् लिमिटेडका उपप्रबन्धक तथा प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिएका छन्। बिस्तारै यसलाई अनिवार्य बनाउँदै लगिने उनले बताए।

एक त डिम्याट भनेको लगानीकर्ताहरूको द्वितीय खाता हो। प्राथमिक भनेको उनीहरूको बैंक खाता जसका लागि राष्ट्रिय परिचयपत्र अनिवार्य बनाइसकिएको छ, उनले भने। तत्कालका लागि नयाँलाई अनिवार्य अनि पुरानालाई केवाईसी अपडेट गर्दा व्यवस्थित गर्दै लैजाने योजना रहेको उनले बताए।

कति छन् शेअर लगानीकर्ता ?

धितोपत्र बोर्डले हालै प्रकाशन गरेको विवरण अनुसार हितग्राही खाता पनि भनिने डिम्याट खाता खोल्ने शेअर लगानीकर्ताको संख्या ६२ लाख ७३ हजार पुगेको छ। डिम्याटको अनलाइन पोर्टल मेरो शेयर खाताको संख्या ५९ लाख ३३ हजार पुगेको छ। असारमा सकिएको गत आर्थिक वर्षमा दैनिक औसत करिब ९ अर्ब रुपैयाँको कारोबार भएको देखिन्छ। कुल बजार पुँजीकरण ४८ खर्ब रुपैयाँ पुगेको छ। बीबीसी

बीमालेखा हरायो

LIC insurence company बाट जारी निम्न व्यहोराको बिमालेख हराएको। कानेपोखरीबाट लेटाङ आउने क्रममा मिति २०८२/०१/०२ गतेका हराएको हुँदा देख्नुभेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिन हुन अनुरोध छ।

नाम : कपुर श्रेष्ठ
पोलिसी नं. ६००००५९३५
ठेगाना : लेटाङ मोरङ

झापाका ठूला सहकारीमा पर्याप्त तरलता

झापा/झापाका ठूला सहकारीमा पर्याप्त तरलता रहेको पाइएको छ। जिल्लाका ठूला सहकारी संस्थाहरूले जारी गरेको २०८२ को असारसम्मको अपरिस्कृत वित्तीय विवरणअनुसार तरलता पर्याप्त रहेको पाइएको हो। सहकारी संस्थामा कम्तीमा १५ प्रतिशत तरलता हुनुपर्ने भएपनि ३६ प्रतिशतसम्म तरलता भएको झापा जिल्ला सहकारी संघका सचिव भवानीप्रसाद दङ्गाल (भानु)ले बताए।

अहिले ठूला सहकारीमा पैसा थुप्रिएको छ भने साना सहकारीले भनेका बेलामा बचत फिर्ता गर्न सक्ने अवस्था देखिंदैन, उनले भने सहकारी संस्थाले लगानी वृद्धिका लागि उपयुक्त योजना ल्याउनु पर्ने अवस्था छ।

नेपालकै ठूलो सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था बिर्तामोडको २०८२ असार मसान्तको अपरिस्कृत वित्तीय विवरण अनुसार ३६ दशमलव २१ प्रतिशत अर्थात पाँच अर्ब १२ करोड ६१ लाख ६० हजार २०२ तरलता रहेको छ। रासस

श्री जनपथ माध्यमिक विद्यालय

जनपथटोल, विराटनगर-११, मोरङ

विज्ञापन गरिएको सम्बन्धमा

प्रकाशित मितिः२०८२।०४।२०

प्रस्तुत विषयमा यस श्री जनपथ मा.वि., विराटनगर-११ मा मिति २०८२।०३।३२ गतेदेखि प्राथमिक तहको स्वीकृत दरवन्दी रिक्त रहेकोले प्रा.वि. तहको अस्थायी पद संख्या १ (एक) को करारमा पदपूर्ति गर्नका लागि शैक्षिक प्रशासन महाशाखा विराटनगर महानगरपालिकाको मिति २०८२।०४।१९ गते च.नं. ७५/२०८२/०८३ को प्राप्त पत्रानुसार र मिति २०८२।०४।१९ गते बसेको विद्यालय व्यवस्थापन समितिको बैठक संख्या ६७ को निर्णय नं. १ अनुसार प्राथमिक तहको अस्थायी करार शिक्षकको खुल्ला प्रतिस्पर्धाबाट पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक उमेद्वारहरुले निम्न आधारहरु र आवश्यक कागजातहरु सहित सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र दरखास्त दिनको लागि विज्ञापन गरिएको छ।

१. **विज्ञापन नं. ०१/२०८२/०८३**
२. **संख्या :** ०१ (एक)
३. **पद : प्रा.वि. तह अस्थायी करार**
४. तलव भत्ता : नेपाल सरकारको प्रचलित कानुन बमोजिम
५. **न्यूनतम शैक्षिक योग्यता :** मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्र संकायमा कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको।
६. **उमेर :** १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
७. **दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु :**
क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी - १ थान
ख) शैक्षिक योग्यताका प्रमाण पत्रहरू
ग) निरोगिताको सक्कल प्रमाण पत्र - १ थान
घ) सम्बन्धित तहको अध्यापन अनुमति पत्रको फोटोकपी १ प्रति
८. **दरखास्त दिने मिति :** २०८२।०४।२० देखि २०८२।०५।३ गतेसम्म (विद्यालय समय)
९. **सम्पर्क मिति :** २०८२।०५।०५ गते
१०. **परीक्षाको किसिम :** लिखित, मौखिक र प्रयोगात्मक
११. **दरखास्त दस्तुर :** रु. १५००।-
१२. उल्लेखित कागजातहरु पूरा नभएको निवेदन दर्ता हुने छैन।
१३. परीक्षा मिति र परीक्षा केन्द्र सम्पर्क मितिमा तोकिने छ।
१४. शिक्षक सेवा आयोगको पाठ्क्रम अनुसार परीक्षा सञ्चालन हुनेछ।
१५. थप जानकारीका लागि : ९८५२०३२६६०, ९८५२०३०३९६, ९८४२०९४३८१, ०२१५९०६०४

अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस S. Cube Enterprises Pvt. Ltd. बाट बिक्री वितरण हुने देहायको मालवस्तुको अधिकतम खुद्रा बिक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

सि. नं	मालवस्तुको विवरण	ब्राण्ड	मोडल	क्षमता	उत्पादक राष्ट्र	ईकाइ	प्रति ईकाइ मूल्य	अधिकतम खुद्रा बिक्री मूल्य
१.	Electric Car	VOLTS	MODEL H	34 kW	China	Set	२१,५०,०००/-	२१,५०,०००/-
२.	Electric Car	VOLTS	MODEL C PRO	35 kW	China	Set	२४,००,०००।-	२४,००,०००।-

बिक्रेता फर्मको नाम : एस.क्युब इन्टरप्राईजेज प्रा. लि. पान नं. : ६०५९६७४०१
ठेगाना: काठमाडौं-१०, बुद्धनगर, काठमाडौं, नेपाल

कुमारी बैंक लिमिटेड शाखा कार्यालय इटहरी, सुनसरीको तपसिलमा उल्लेखित ऋणीहरूलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८२/०४/२० गते)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय इटहरी, सुनसरीबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचिमा** नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं। **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ।**

तपसिल

१. ऋणीहरूको विवरण	व्यक्तिगत जमानीकर्ताहरूको विवरण
अनिष खरेल ना.प्र.नं. ०५-०१-७२-०५५९५ जारी मिति २०७२/०६/२५, जि.प्र.का. मोरङ्ग बाबु - महेन्द्र प्रसाद खरेल बाजे - गोपाल प्रसाद खरेल पत्नी - नेन्सी पर्वत स्थायी ठेगाना- मोरङ्ग जिल्ला, बिराटनगर उ.म.न.पा., वडा नं. १३ हालको ठेगाना- मोरङ्ग जिल्ला, बिराटनगर म.न.पा., वडा नं. १०....१ र **नेन्सी पर्वत** ना.प्र.नं. ०५-०१-७१-३५१३२ जारी मिति २०७१/१२/२७, जि.प्र.का. मोरङ्ग बाबु - कैलाश पर्वत बाजे - लक्ष्मण प्रसाद पर्वत पति - अनिष खरेल स्थायी ठेगाना- मोरङ्ग जिल्ला, बिराटनगर उ.म.न.पा., वडा नं. २ हालको ठेगाना- मोरङ्ग जिल्ला, बिराटनगर म.न.पा., वडा नं. १०.....१ को संयुक्त नाममा	१. **महेन्द्र प्रसाद खरेल** ना.प्र.नं. ६५६ जारी मिति २०४१/०९/१६, जि.प्र.का. मोरङ्ग बाबु - गोपाल प्रसाद खरेल बाजे - रामकान्त खरेल पत्नी: मन्जु नेउपाने स्थायी ठेगाना- मोरङ्ग जिल्ला, बिराटनगर उ.म.न.पा., वडा नं. २ हालको ठेगाना- मोरङ्ग जिल्ला, बिराटनगर म.न.पा., वडा नं. १० २. **मन्जु नेउपाने** ना.प्र.नं. ७७८१ जारी मिति २०४४/०७/२६, जि.प्र.का. मोरङ्ग बाबु - रंगलाल नेउपाने बाजे - श्री प्रसाद नेउपाने पति: महेन्द्र प्रसाद खरेल स्थायी ठेगाना- मोरङ्ग जिल्ला, बयरबन गा.वि.स., वडा नं. १ हालको ठेगाना- मोरङ्ग जिल्ला, बिराटनगर म.न.पा., वडा नं. १०

धितो सुरक्षणको विवरण

१. **अनिष खरेल**को नाममा मालपोत कार्यालय, मोरङ्ग, बिराटनगरमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, बनिगामा वडा नं. ४क स्थित कित्ता नं. ७१६ र ७१७ को क्षे.फ. क्रमशः ०-१-३-१ र ०-१-३-१ (वि.क.धु.क) जग्गा तथा सम्पुर्ण लिगलगापात।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सबैका लागि

शाखा कार्यालय इटहरी, सुनसरी फोन नं. ०२५-५८६६५९/६१

'जारी २' असोज ३ मा आउँदै

पोस्टरमा च्याब्रुङ र संस्कृतिको झल्को

विराटनगर/कवि उपेन्द्र सुब्बाको निर्देशनमा निर्माण भएको ब्लकबस्टर सिनेमा 'जारी'को सिक्वल 'जारी २'ले तीन पोस्टरसँगै आफनो रिलिज मिति समेत सार्वजनिक गरेको छ। सार्वजनिक पोस्टरहरू अनुसार सिनेमा असोज ३ गते रिलिज हुनेछ।

हालै सार्वजनिक भएका तीन पोस्टरमध्ये पहिलो पोस्टरमा सिनेमाका प्रमुख कलाकारहरू सबै अटाएका छन् भने बाकी दुई पोस्टरमा सिनेमाका प्रमुख पात्र दयाहाङ राई र मिरुना मगरलाई मात्र प्रस्तुत गरिएको छ। यी दुवै पोस्टरमा उनीहरूलाई खुशी मुद्रामा देख्न सकिन्छ, जसमा एक पोस्टरमा दयाले मस्तीपूर्वक च्याब्रुङ बजाइरहेको देख्न सकिन्छ भने मिरुनालाई परम्परागत लिम्बु पहिरनमा खुलेर मुस्कुराइरहेको देख्न सकिन्छ।

'जारी-२: सङ अफ च्याब्रुङ' भनिएको यस सिनेमाको अर्को पोस्टरमा दया र मिरुनालाई क्यामराका लागि हासिलो मुद्रामा पोज दिइरहेको अवस्थामा देख्न सकिन्छ। कवि हुदै सिनेमा लेखकको परिचय बनाउदै सिनेमा निर्देशक भएका उपेन्द्र सुब्बा लिखित-निर्देशित सिनेमाको पहिलो पोस्टरमा दया र मिरुनाका अलावा बुद्धि तामाङ तथा विजय बराललाई अटाइएको छ। यसका साथै एउटी बालिका र मिरुनालाई अघि लगाएर आफू लट्ठी टेक्दै, पछिल्तिर खोसेली बोकेका भरियासहित दयाहाङलाई देख्न सकिन्छ। सार्वजनिक भएका ती तीनै पोस्टरले लिम्बु समुदाय र उनीहरूको संस्कृतिको अभिन्न पाटो 'च्याब्रुङ' बाजाको सेरोफेरोमा सिनेमाले कथा पस्कने बुझ्न सकिन्छ। सिनेमाका यी पोस्टरले एउटा अद्भुत कथा पर्दामा पस्किने सहज अनुमान गर्न सकिन्छ। बासुरी फिल्म्स र कबड्डी फिल्म्सको ब्यानरमा निर्माण भएको सिनेमाका

निर्माताहरु सफल निर्देशक रामबाबु गुरुङ र मधु मिजार, जीवन गुरुङ हुन्। सिनेमामा दया, मिरुना, विजय तथा बुद्धिका अलावा ऋचा शर्मा, पुष्कर गुरुङ, प्रेम सुब्बा, माओत्से गुरुङ, मानहाङ लावती, विष्णु मोक्तान, कमलमणि नेपाल, अनिल सुब्बा, रेखा लिम्बु, बेदना राई र सिर्जना निङ्लेखुको अभिनय रहेको छ। 'जारी' सिनेमा २०८० सालको ब्लकबस्टर सिनेमा हो। सो वर्ष सिनेमाले नेपाली बक्स अफिसमा १७ करोड माथिको व्यापार गरेको थियो। त्यसैले निर्माण घोषणा भएदेखि नै यो सिनेमालाई प्रतिक्षित सिनेमाको सूचीमा राखिएको छ। सिनेमाले आफनो पछिल्लो व्यापारिक इतिहासलाई कायम राख्ने बलियो अपेक्षा राखिएको छ। द सिनेमा टाइम्स

धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल साउन महिना २० गते मंगलबार)

यस विकास बैंकको शाखा कार्यालय बेलबारीबाट तपशिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

तपशिल

क) कर्जा शीर्षक : महिला उद्यमी कर्जा	
ऋणीको विवरण	
नाम : **चौधरी कृषि फर्म** प्रोप्राइटरको नाम : दशनी देवी थारु दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय मोरङ्ग रजिष्टर्ड ठेगाना : मोरङ्ग जिल्ला रंगेली न.पा. वडा नं. १	प्रा.फ.नं.घ.उ.मो. : १७९३६/०७७/७८ दर्ता मिति : २०७७/१०/०६ स्थायी लेखा नं. : ६१४८६७८२६
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण	
१) मुलुक चन्द थारुको छोरी जोगी लाल माझी थारुको बुहारी अमृत लाल चौधरीको पत्नी मोरङ्ग जिल्ला बबियाविर्ता वडा नं. ९ हाल, रंगेली न.पा. वडा नं. १ बस्ने **दशनी देवी थारु** (ना.प्र.नं. : ६५६/१३०० जारी मिति र जिल्ला : २०४५/०२/१९, मोरङ्ग)	
२) मंगल माझी थारुको नाति जोगी लाल माझी थारुको छोरा मोरङ्ग जिल्ला बबियाविर्ता गा.वि.स. वडा नं. ९ हाल, रंगेली न.पा. वडा नं. १ बस्ने **अमृत लाल माझी थारु** (ना.प्र.नं. : ५८३-२०९३ जारी मिति र जिल्ला : २०४५/०२/१८, मोरङ्ग)	
३) जोगी लाल माझी थारुको नाति अमृत लाल माझी थारुको छोरा मोरङ्ग जिल्ला बबियाविर्ता वडा नं. ९ हाल, रंगेली न.पा. वडा नं. १ बस्ने **बिजय कुमार माझी** (ना.प्र.नं. : ०५२०३२/७४३३ जारी मिति र जिल्ला : २०६८/०३/२०, मोरङ्ग)	
४) जोगी लाल माझी थारुको नाति अमृत लाल माझी थारुको छोरा मोरङ्ग जिल्ला बबियाविर्ता वडा नं. ९ हाल, रंगेली न.पा. वडा नं. १ बस्ने **सुनील कुमार माझी** (ना.प्र.नं. : ०५२०३२/११६७० जारी मिति र जिल्ला : २०६९/०८/१२, मोरङ्ग)	
५) ईश्वर लाल माझी थारुको छोरी मुलुक चन्द थारुको बुहारी जित नारायण चौधरीको पत्नी मोरङ्ग जिल्ला बबियाविर्ता वडा नं. ९ हाल, रंगेली न.पा. वडा नं. १ बस्ने **सरस्वती देवी चौधरी** (ना.प्र.नं. : ३/१०३९ जारी मिति र जिल्ला : २०६२/०४/०२, मोरङ्ग)	
ख) कर्जा शीर्षक : साधारण कर्जा	
ऋणीको विवरण	
मुलुक चन्द थारुको छोरी जोगी लाल माझी थारुको बुहारी अमृत लाल चौधरीको पत्नी मोरङ्ग जिल्ला बबियाविर्ता वडा नं. ९ हाल, रंगेली न.पा. वडा नं. १ बस्ने **दशनी देवी थारु** (ना.प्र.नं. : ६५६/१३०० जारी मिति र जिल्ला : २०४५/०२/१९, मोरङ्ग)	
व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण	
१) मंगल माझी थारुको नाति जोगी लाल माझी थारुको छोरा मोरङ्ग जिल्ला बबियाविर्ता गा.वि.स. वडा नं. ९ हाल, रंगेली न.पा. वडा न